गण्डकी प्रदेश सरकार

# ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

पोखरा, नेपाल

# आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति पुस्तिका




श्रावण, २०८३

**प्रकाशनः** ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश

टेलिफोन नं.: ०६१-४५०७७१, ४५०८३२, ४५०८३३

सूचना अधिकारीः ९८५६०१७२०४

वेवसाइटः http://moewrws.gandaki.gov.np

इमेलः moewrws.gandaki@gmail.com

**सर्वाधिकारः** ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश

# प्राक्कथान

प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मत संभार गरी प्रदेशभित्र जलस्रोत (ऊर्जा, सिंचाइ र खानेपानी) को समुच्चित व्यवस्थापन गर्नु यस मन्त्रालयको मुख्य कार्य जिम्मेवारी रहेको छ। गण्डकी प्रदेश सरकारको पहिलो मन्त्रिपरिषदको पहिलो दिन (२०७४ फाल्गुण ४ गते) को निर्णय अनुसार प्रदेशका सबै घर बस्तीमा विद्युतको पहुँच पुर्याउनको लागि **"उज्यालो गण्डकी प्रदेश"** अभियान र सबै घरमा निजी धारा जडान गर्नका लागि **"एक घर एक धारा"** कार्यक्रम सञ्चालन गर्ने निर्णय गरी सोहि अनुसार विविध कार्यक्रमहरू निरन्तर रूपमा कार्यान्वयन भईरहेका छन्। खेति योग्य जमिनमा **"बाह्रै महिना सिंचाइ"** सुविधा पुर्याउनको लागि सिंचाइ का सतह, भूमिगत र लिफ्ट तथा नवीनतम प्रविधिमा आधारित सिंचाइ आयोजनाहरू कार्यान्वयन गरिरहेको छ।

यस पुस्तिकामा आर्थिक वर्ष २०८२/८३ मा यस मन्त्रालयको ऊर्जा, जलस्रोत, सिंचाइ तथा खानेपानी क्षेत्रसँग सम्बन्धित प्रदेश सरकारका आयोजना तथा नेपाल सरकारबाट सशर्त तथा विशेष अनुदानका रूपमा कार्यान्वयनका लागि प्रदेशमा हस्तान्तरण भएका आयोजना र कार्यक्रमहरू, मन्त्रालय आफै र मातहतका कार्यालयहरूबाट कार्यान्वयन भएका विवरणहरू समावेश भएका छन्। आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालय र मातहतका कार्यालयहरूबाट सञ्चालन भएका क्रियाकलापहरू, तिनको कार्यान्वयन अवस्था, प्रगति तथा उपलब्धिको अवस्था, २०७४ सालमा गण्डकी प्रदेश सरकार स्थापना भए पश्चात् प्रादेशिक तहबाट हालसम्म भौतिक पूर्वाधारका क्षेत्रमा हासिल भएका विषय-क्षेत्रगत कुल उपलब्धिको झलक सहित कार्यक्रम कार्यान्वयन गर्दा देखिएका समस्या र चुनौतीहरू तथा तिनको निराकरणका लागि गरिएको प्रयास लगायतका विषयमा आम नागरिक र सरोकारवालाहरूलाई सुसूचित गर्न तथा वार्षिक प्रगतिको अभिलेखीकरण समेत गर्नको लागि प्रस्तुत वार्षिक प्रगति पुस्तिका प्रकाशन गरिएको छ।

# विषयसूची

**१.परिचय ६**

१.१ मन्त्रालयको पृष्ठभुमि र कार्यक्षेत्र ........ ६

१.२ मन्त्रालयको कार्य जिम्मेवारी ........ ७

**२.विद्यमान अवस्था ११**

२.१ ऊर्जा ........ ११

२.२ सिंचाइ तथा नदी व्यवस्थापन ........ १२

२.३ खानेपानी तथा सरसफाइ ........ १४

**३. बजेट विनियोजन र खर्चको विवरण १७**

३.१ आर्थिक वर्ष २०८२।८३ मा मन्त्रालयको स्रोतगत बजेट विनियोजन र खर्चको विवरण१७

३.२ बजेटको लक्ष्य र खर्चको वार्षिक प्रवृत्ति तुलनात्मक विवरणः ........ १८

३.३ आर्थिक वर्ष २०८२।८३ को त्रैमासिक रूपमा कुल खर्चको प्रवृत्तीः ........ १९

३.४ आर्थिक वर्ष २०८२।८३ को बजेट उपशीर्षकगत वित्तीय प्रगति: ........ २१

३.५ आर्थिक वर्ष २०८२।८३ को क्षेत्रगत वित्तीय प्रगति:........ २३

३.६ यस मन्त्रालयको आ.व. २०८२/८३ मा प्राप्त विनियोजित बजेट र खर्चको स्रोतगत रूपमा कुल खर्चको प्रगति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। (रू. हजारमा)........ २४

**४. आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमको प्रगति/उपलब्धी विवरण २७**

४.१ आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य मुख्य उपलब्धिहरूः........ २७

४.२ आ.व. २०८२/८३ को बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमको प्रगति विवरण २९

४.३ आ.व. २०८२/८३ सम्मको लिफ्टिङ खानेपानी र सिंचाइ आयोजनाहरूमा विद्युत महशुल भुक्तानी अनुदान (रू. हजारमा)........ ३१

४.४ आ.व. २०८२/८३ मा कार्यान्वयन भएका ऊर्जा, सिंचाइ, नदी व्यवस्थापन र खानेपानी योजनाहरूबाट सिर्जना भएको रोजगारी व्यक्तिदिन........ ३१

४.५ दोस्रो पञ्च वर्षीय योजना लक्ष्य र उपलब्धी ........ ३२

४.६ दिगो विकास लक्ष्य र उपलब्धी ........ ३३

**५. राजस्व संकलन र बेरूजुको विवरण ३४**

५.१ राजस्व संकलनको विवरण........ ३४

५.२ बेरुजूको संक्षिप्त विवरण (रु.) :- ........ ३४

**६. बजेट तथा कार्यक्रम कार्यान्वयनका मुख्य समस्या, चुनौती तथा समाधानका उपायहरू ३५**

६.१ मुख्य समस्या र समाधानका लागि मन्त्रालयले गरेका प्रयासहरु ........................ ३५

६.२ बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका अन्य समस्या तथा चुनौतीहरू .. ३६

६.३ मन्त्रालयसँग सम्बन्धित ऐन/नियम तर्जुमाको विवरण .................................. ३९

**७. आ.व. २०८२/८३ मा यस मन्त्रालय र मातहतका कार्यालयहरूबाट गरिएका कार्यक्रमका प्रतिनिधिमुलक जलकहरू:४०**

**८. अनुसूचीहरू ६३**

८.१ घरेलू सौर्य ऊर्जा प्रविधि जडान ............................................................ ६३

८.२ संस्थागत सौर्य ऊर्जा प्रविधि जडान ....................................................... ६३

८.३ लघु जलविद्युत मर्मत गरिएका आयोजनाहरू............................................. ६५

८.४ गण्डकी प्रदेश सरकारको लगानीमा नेपाल विद्युत प्राधिकरण, गण्डकी प्रादेशिक कार्यालय, पोखराबाट कार्यान्वयन भएको विद्युत विस्तार कार्यको उपलब्धि विवरण : ........ ६५

८.५ ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट आ.व. २०७५/७६ देखि आ.व. २०८२/८३ सम्म सम्पन्न भएका ऊर्जा सम्बन्धी अन्य कार्यक्रमको जिल्लागत उपलब्धीहरू: .......................................................... ६६

८.६ प्रदेश सरकारबाट सिंचाइ क्षेत्रमा आ.व. २०७५/७६ देखि २०८२/८३ सम्म भएको जिल्लागत उपलब्धी विवरण ................................................................ ६७

८.७ प्रदेश सरकारबाट नदी व्यवस्थापन क्षेत्रमा आ.व. २०७५/७६ देखि २०८२/८३ सम्म भएको जिल्लागत उपलब्धी विवरण...................................................... ६९

**९. सन्दर्भ सामग्री ७१**

# १.परिचय

## १.१ मन्त्रालयको पृष्ठभुमि र कार्यक्षेत्र

गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्को मिति २०७४/११/०४ को निर्णयानुसार प्रदेश सरकार, प्रदेश नं. ४ (कार्य विभाजन) नियमावली, २०७४ स्वीकृत गरि ऊर्जा, सिंचाइ , नदी नियन्त्रण र खानेपानी तथा सरसफाई कार्य क्षेत्र समेत हेर्ने गरि भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको थियो। गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भै ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको स्थापना भएको हो। तत्पश्चात गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९/१०/०९ को निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भै कृषि, ऊर्जा, सिंचाइ र खानेपानी क्षेत्र एक आपसमा गाभेर कृषि, ऊर्जा तथा जलस्रोत मन्त्रालयको स्थापना भएको थियो। गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०१/२८ को निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भै साविक बमोजिम नै मन्त्रालय छुट्टयाई पुनः ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको स्थापना भएको थियो।

प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाइ , खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मत संभार गरी प्रदेशभित्र जलस्रोत (ऊर्जा, सिंचाइ र खानेपानी) को समुच्चित व्यवस्थापन गर्नु यस मन्त्रालयको मुख्य कार्य जिम्मेवारी रहेको छ।

आ.व. २०८२/८३ मा गण्डकी प्रदेशका ११ वटा जिल्ला कार्यक्षेत्र रहेको यस मन्त्रालय अन्तर्गत निम्नानुसारका १५ वटा कार्यालयहरु रहेका थिए:

| क्र.सं. | कार्यालय | कार्यक्षेत्र | मुख्य कार्यहरू |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जा | कास्की, स्याङ्जा | खानेपानी, सरसफाई तथा स्वच्छता |
| २ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ | बागलुङ, पर्वत | खानेपानी, सरसफाई तथा स्वच्छता |
| ३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ | तनहुँ, नवलपुर | खानेपानी, सरसफाई तथा स्वच्छता |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा | गोरखा, लमजुङ | खानेपानी, सरसफाई तथा स्वच्छता |
| ५ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बागलुङ | बागलुङ | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |
| ६ | जलश्रोत तथा सिंचाई विकास डिभिजन | पर्वत | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |

| क्र.सं. | कार्यालय | कार्यक्षेत्र | मुख्य कार्यहरू |
|---|---|---|---|
| | कार्यालय, पर्वत | | |
| ७ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कास्की | कास्की | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |
| ८ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, तनहुँ | तनहुँ | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |
| ९ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, स्याङ्जा | स्याङ्जा | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |
| १० | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, लमजुङ | लमजुङ | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |
| ११ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गोरखा | गोरखा | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |
| १२ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपुर | नवलपरासी (ब.सु.पू.) | ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन |
| १३ | खानेपानी, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, म्याग्दी | म्याग्दी | ऊर्जा, सिँचाइ, नदी व्यवस्थापन, खानेपानी, सरसफाई तथा स्वच्छता |
| १४ | खानेपानी, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, मुस्ताङ्ग | मुस्ताङ्ग | ऊर्जा, सिँचाइ, नदी व्यवस्थापन, खानेपानी, सरसफाई तथा स्वच्छता |
| १५ | खानेपानी, जलश्रोत तथा सिंचाई विकास सब-डिभिजन कार्यालय, मनाङ्ग | मनाङ्ग | ऊर्जा, सिँचाइ, नदी व्यवस्थापन, खानेपानी, सरसफाई तथा स्वच्छता |

## १.२ मन्त्रालयको कार्य जिम्मेवारी

गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको लागि तोकिएको कार्य जिम्मेवारी निम्न अनुसार रहेका छन्:-

१. प्रदेशस्तरको ऊर्जा विद्युत, सिंचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति कानून, मापदण्ड गुरुयोजना योजना तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मत संभार समन्वय र नियमन

२. प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन

३. ऊर्जा, विद्युत सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन

४. राष्ट्रिय जलश्रोत नीति र संघीय योजना वमोजिम प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन र व्यवस्थापन

५. प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन

६. प्रदेशभित्रको जलश्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वन, अनुगमन र सञ्चालनमा समन्वन

७. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन

८. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन

९. जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन

१०. प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन

११. खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन

१२. सर्वसाधारणलाई स्वच्छ खानेपानी उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएको वर्गको पहुँच सुनिश्चितता

१३. खानेपानी गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एंव गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन

## मन्त्रालयको सँगठन स्वरूप र दरबन्दी तेरिजः



## मन्त्रालयको दरबन्दी तेरिजः

| क्र.स. | पद | सेवा | समूह | उप समूह | श्रेणी/तह | प्रस्तावित दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | इन्जिनियरिङ्ग | | | रा.प.प्र. प्रा. | १ | |
| २ | अतिरिक्त प्रदेश सचिव | इन्जिनियरिङ्ग | सिभिल | इरि./स्यानि. | एघारौ | १ | |
| ३ | उप-सचिव | प्रशासन | सामान्य प्रशासन | | नवौं/दशौं | १ | |
| ४ | सि.डि.ई. | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | नवौं/दशौं | १ | |
| ५ | सि.डि.ई. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | नवौं/दशौं | १ | |
| ६ | अधिकृत | प्रशासन | प्रशासन | | सातौं/आठौं | १ | |
| ७ | लेखा अधिकृत | प्रशासन (लेखा) | प्रशासन (लेखा) | | सातौं/आठौं | १ | |
| ८ | इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | सातौं/आठौं | ३ | |
| ९ | इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | सातौं/आठौं | ३ | |
| १० | इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | हाइड्रोपावर | सातौं/आठौं | १ | |
| ११ | सहायक/अधिकृत | प्रशासन | सामान्य प्रशासन | - | पाँचौं/छैटौं | २ | |
| १२ | कम्प्युटर अपरेटर/अधिकृत | विविध | विविध | | पाँचौं/छैटौं | १ | |
| १३ | ह.स.चा. | | | - | श्रेणीविहिन | ५ | |
| १४ | का.स. | प्रशासन | सामान्य प्रशासन | - | श्रेणीविहिन | ५ | |
| | | | | | **जम्मा** | २७ | |

# २.विद्यमान अवस्था

## २.१ ऊर्जा

प्रदेश सरकारले घोषणा गरेको उज्यालो गण्डकी प्रदेश अभियान सम्पन्न गर्नका लागि तीनवटा नीतिगत व्यवस्थाका आधारमा ऊर्जा सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालित छन्।

१. दुई वर्षभित्र राष्ट्रिय प्रसारण लाईन पुऱ्याउन सकिने तर नेपाल विद्युत प्राधिकरणको नियमित कार्यक्रमले समेट्न नसकेका सबै स्थानमा गण्डकी प्रदेश सरकारको थप लगानीमा नेपाल विद्युत् प्राधिकरण मार्फत् कार्यान्वयन हुने गरी राष्ट्रिय प्रसारण लाईन विस्तार गर्ने;

२. दुई वर्षभित्र राष्ट्रिय प्रसारण पुऱ्याउन नसकिने दुर्गम स्थानमा साविकका लघु जलविद्युत् आयोजनाको मर्मत-सम्भार गरी विद्युत नियमित गर्ने,

३. तत्काल विद्युत् सुविधाको पहुँचमा ल्याउन नसकिने देखिएका मुस्तांङ, मनांङ, म्याग्दी, बाग्लुंङ र गोरखा जिल्लाका अति दुर्गम भेगमा रहेका करिब १६०० घरधुरीमा सहुलियतपूर्ण अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गर्ने।

गण्डकी प्रदेशमा राष्ट्रिय स्तरमा संचालित संघीय सरकार र निजी क्षेत्रका गरी ६५ वटा जलविद्युत आयोजना सञ्चालनमा रहेका छन। उल्लिखित जलविद्युत आयोजनाबाट कूल ११७४.२४२ मेगावाट विद्युत उत्पादन भैरहेको छ*(स्रोतः विद्युत विकास विभाग, March,29, 2026)*। प्रदेशमा राष्ट्रिय प्रसारण लाइन, लघु जलविद्युत र घरेलु सौर्य ऊर्जाबाट कुल ९९.८० प्रतिशत घरधुरीमा बत्ती बाल्नको लागि विद्युतको पहुँच पुगेको छ*(स्रोतः NEA,2082, March,29, 2026)*।

आ.व. २०७५/७६ देखि २०७८/७९ सम्म सञ्चालित स्थानीय तहको साझेदारीमा जीर्ण काठेपोलहरू प्रतिस्थापन कार्यक्रमबाट प्रदेश सरकारको लगानीमा ३०,४८१ वटा स्टील ट्युबुलर पोलले प्रतिस्थापन गरिएको छ। हालसम्ममा ९७ वटा लघु जलविद्युत आयोजनाहरूको मर्मत सम्भार गरि ३,५४५ किलोवाट विद्युत नियमित गरिएको छ। हालसम्ममा दुईवटा लघु जलविद्युत आयोजना (पुतपुते खोला दोस्रो लघु जलविद्युत् आयोजना, स्याङ्जा- ९८ किलोवाट र युम्ले खोला लघु जलविद्युत् आयोजना, मनाङ्ग- ६० किलोवाट) लाई राष्ट्रिय प्रशारण लाइनमा जडान गरिएको छ। संस्थागत सौर्य प्रणालीबाट विभिन्न सरकारी कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक विद्यालय तथा अध्ययन संस्थामा गरि २० संस्थामा हालसम्म २६७ किलोवाटपिक सोलार जडान गरिएको छ भने, गोरखा जिल्लाको पालुंङटार न. पा.-५, गोरखा न.पा.-१०, छेवेटार, नवलपरासी ब.शु.पू., देवचुली-०१ र देवचुली न.पा. १४ मा गरि २६९ थान स्मार्ट सडकबत्ती जडान गरिएको छ।

## २.२ सिंचाइ तथा नदी व्यवस्थापन

जलस्रोतको दिगो उपयोग गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न एवंम् सिंचाइ प्रणालीको निर्माण तथा जल नदी तथा उत्पन्न प्रकोप व्यवस्थापन गर्न गण्डकी प्रदेश सिंचाइ ऐन, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको छ। सिंचाइ गुरुयोजना, २०१९ अनुसार गण्डकी प्रदेशको खेति योग्य जमिन, सिंचाइ योग्य जमिन तथा सिंचित क्षेत्रफल निम्न रहेको छ।

| क्र.सं. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | खेति योग्य जमिन | हेक्टर | ३,५१,५९७ | |
| २ | सिंचाइ योग्य जमिन | हेक्टर | २,७२,६३० | खेति योग्य जमिनको जम्मा ७७.५४ प्रतिशत |
| ३ | सिंचाइ योग्य जमिन मध्ये सतह सिंचाइ को सम्भावना रहेको २५ डिग्रीसम्म भिरालो जमिन | हेक्टर | ७४,१९४ | |
| ४ | २५ डिग्री देखि ६० डिग्रीसम्म भिरालो रहेको जमिन | हेक्टर | १,६०,७९१ | |
| ५ | पम्प सिंचाइ को सम्भावना रहेको जमिन | हेक्टर | ३७,६४५ | |

आ.व. २०८२/८३ मा विस्तार भएको जम्मा १९६ हेक्टर समेत गरी प्रदेश सरकारबाट हालसम्म आधुनिक सिंचाइ को पूर्वाधार विस्तार भएको जमिन ७,८४८ हेक्टर पुगेको छ।प्रदेश सरकारको पहलमा यस प्रदेशमा आ.व. २०८२/८३ मा थप भएको जम्मा १७.९९ कि.मि. समेत गरी आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ सम्ममा कुल १५५.९६ किलोमिटर तटबन्धन निर्माण र ३,४५८.५३ हेक्टर क्षेत्र संरक्षण एवम् जग्गा उकासको कार्य भएको छ।

नमूना कृषि गणना, २०७८ ले दिएको तथ्यांक अनुसार प्रदेशभित्र बाह्रै महिना सिंचाइ हुने जमिन ३१,८४१ (११.६७ %) हेक्टर रहेको छ। जसमध्ये प्रायजसो सतह सिंचाइमा आधारित परम्परागत कृषक कुलोको स्तरोन्नति तथा भूमिगत, लिफ्ट र नवीनतम प्रविधिमा आधारित नयाँ सिंचाइ आयोजनाहरू रहेका छन्। बाढी, नदी कटान, डुबान र पहिरोबाट जोखिमयुक्त स्थानमा रहेका बस्ती, खेतीयोग्य जमिन, भौतिक संरचना, सांस्कृतिक सम्पदाको संरक्षणको लागि तटबन्ध निर्माण, नदी तथा पहिरो व्यावस्थापन कार्यहरू सञ्चालन भैरहेको छ।

## प्रदेशको कूल क्षेत्रफल, सिंचाइ योग्य जमिन र आधुनिक सिंचाइ पूर्वाधार पुगेको जिल्लागत विवरण (हेक्टरमा)

**नमूना कृषि गणना २०७८ को नतिजा**

| जिल्ला | खेती भईरहेको क्षेत्रफल | सतह र जलाशय | पम्पिंग | ट्यूवेल | अन्य | मिश्रित | जम्मा | बाहैं महिना सिंचित |
|---|---|---|---|---|---|---|---|---|
| गोरखा | २६,०९४.४ | ३,८९४.६७ | १,१८२.६ | ५५.८ | १,८३६.४ | १६३.६ | ७,१३३.१ | ३,४५५.७ |
| मनांग | ४८८.८ | ८१.३८ | ९.१ | - | ०.३ | ०.० | ९०.९ | ७१.५ |
| मुस्ताङ | १,१८२.५ | ७२९.०४ | १३९.९ | - | १६.६ | - | ८८५.५ | ८३८.६ |
| म्याग्दी | ८,९५३.३ | १,८२२.८२ | ११३.६ | - | ३००.० | १७.० | २,२५३.३ | १,१३२.१ |
| कास्की | १९,१६३.८ | ६,३३२.१९ | ४५७.० | १७.१ | ३,११०.३ | ३९९.८ | १०,३१६.४ | ४,३१२.८ |
| लमजुङ | ११,०८३.२ | ४,०५८.९४ | ४४३.० | १४.८ | ८९३.८ | ११२.९ | ५,५२३.५ | २,८८०.० |
| तनहुँ | २६,०९९.६ | ६,६००.४५ | २९३.४ | ३५.६ | ४७१.६ | २९१.६ | ७,६९२.७ | ३,६२९.३ |
| नवलपुर | २१,०८९.६ | ७,९०९.९४ | १,८४३.६ | २,४२४.५ | १,०८७.७ | ४६५.१ | १३,७३०.८ | ७,३९५.९ |
| स्याङ्जा | २४,४५६.६ | ५,२३४.३८ | ५९४.३ | ६८.६ | ७४६.८ | ७२.९ | ६,७१७.० | ३,८९८.५ |
| पर्वत | ९,५५१.८ | ३,५८८.५१ | ३२५.५ | ७५.७ | ४८३.४ | ७५.७ | ४,५४८.८ | १,९८१.९ |
| बाग्लुङ | २५,६०९.२ | २,६८४.६७ | ५७३.२ | ८.३ | २२२.९ | २०.१ | ३,५०९.२ | २,२४५.२ |
| जम्मा | १७३,७७२.९७ | ४२,९३६.९९ | ५,९७५.२ | २,७००.४ | ९,१६९.९ | १,६१८.७ | ६२,४०१.२ | ३१,८४१.५ |

## कुल क्षेत्रफल, खेति योग्य जमिन र प्रदेश सरकारबाट भएको सिंचाइ पूर्वाधार विस्तार विवरणः

| क्र.सं. | जिल्ला | कूल क्षेत्रफल (हेक्टर) | खेति योग्य जमीन (हेक्टर) | प्रदेश सरकारबाट आधुनिक सिँचाई पूर्वाधार विस्तार भएको क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनाङ्ग | ३२,०६१.०० | २,१५३.०० | ६०५ | |
| २ | मुस्ताङ्ग | ३५६,३२१.०० | ३,६४०.०० | ५६५ | |
| ३ | म्याग्दी | २२८,४७८.०० | ३०,८५६.०० | २५२ | |
| ४ | बाग्लुङ्ग | १८३,५७४.०० | ४६,१४८.०० | ३९१.७४ | |
| ५ | पर्वत | ५४,१५५.०० | २८,५९२.०० | ४५४ | |
| ६ | कास्की | २०८,४३८.०० | ६८,९६७.०० | २२८ | |
| ७ | स्याङ्गजा | १०३,७४८.०० | ७२,७३१.०० | २०३ | |
| ८ | नवलपुर | १४२,५८२.०० | ५१,९१५.०० | १५३२.२५ | |
| ९ | तनहुँ | १५७,१८४.०० | ६५,०६१.०० | ३४९.७५ | |
| १० | लमजुङ्ग | १६६,२४०.०० | ६१,८१९.०० | ३१९ | |
| ११ | गोरखा | ३६४,५८७.०० | ५५,६९६.०० | ७३३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | भूमिगत | | | २२१५ | |
| | **जम्मा** | **२,१९७,३६८.००** | **४८७,५७८.००** | **७,८४७.७४** | |

## २.३ खानेपानी तथा सरसफाइ

प्रदेशभर स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउन र ढल तथा फोहोरपानीको व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न एवम् सोको प्रभावकारी निगरानी गर्न प्रदेश खानेपानी तथा सरसफाई ऐन, तत्सम्बधी नियमावली, कार्यविधि तथा मापदण्ड जारी भई कार्यान्वयनमा रहेका छन्। संघ, प्रदेश र स्थानीय तहको समन्वयमा संचालित राष्ट्रिय खानेपानी सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) को तथ्यांक बमोजिम प्रदेशमा खानेपानी सुविधा उपलब्ध जनसंख्या ९३.२० प्रतिशत रहेको देखिन्छ। प्रदेश सरकारबाट आ.व. २०८२/८३ मा थप १४,०५७ निजी धारा जडान सहित हालसम्म प्रदेश सरकार आफैले जडान भएका निजी धारा संख्या १,७७,३२७ रहेको छ। यस बाहेक स्थानीय पालिका र संघीय सरकारबाट समेत निजी धारा जडानका कार्यहरू भईरहेका छन्।

**खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन सूचना प्रणालीको एकीकृत र अध्यावधिक तथ्यांक**

- यस प्रदेशको विद्यमान खानेपानी सुविधाको अवस्था र यसको क्षेत्रगत तथ्याङ्कको विषयमा सार्वजनिक चासो र सरोकार रहदै आएको छ। खानेपानी क्षेत्र संविधानको अनुसूचि बमोजिम तीनै तहको कार्यक्षेत्रमा पर्ने साझा अधिकारको विषय भएको र यस क्षेत्रमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै वटै सरकारले आआफ्नै कार्यक्रम कार्यान्वयन गर्दै आइरहेका छन्। तसर्थ, गण्डकी प्रदेश भित्र तीनै तहका सरकारका उपलब्धीलाई समावेश गरेर एउटा एकीकृत तथ्याङ्क आवश्यक पर्ने देखिएको हुनाले गण्डकी प्रदेश सरकारले संघ सरकारबाट संचालनमा ल्याएको राष्ट्रिय खानेपानी सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) मा तीनै तहका सरकारको समन्वय, सहकार्य र साझेदारीमा तथ्याङ्क व्यवस्थापनको कार्य गरिरहेको छ। स्थानीय तहहरु मार्फत तथ्याङ्क संकलन गरेर वास प्लान तयारीको कार्य गण्डकीकै मैलिक मोडेलमा भैरहेको छ। यसको उद्देश्य संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा आयोजनाको स्थलगत अवस्था र आवश्यकता पत्ता लगाउने, जरूरी आयोजनाको पहिचान गरी प्रारम्भिक लागत अनुमान तयार गर्ने, कार्यान्वयनको प्राथमिकता निर्धारण स्थानीय कार्यपालिकाको वैठकबाट गर्ने र तहगत लागत साझेदारीमा आयोजना कार्यन्वयन गर्ने उद्देश्य रहेको छ।
- आ.व. २०८२/८३ मा प्रदेशका ४,६४३ वटा खानेपानी प्रणालीको विवरण आयोजना-आयोजनाका प्रत्येक संरचना तथा १५,६४,३२८ जनसङख्याको विवरण घर-घरमा गएर संकलन गरी त्यसलाई भू-सूचना सहितको नक्सा लगायतका विवरण डिजिटल प्रणालीमा प्रविष्ट भैसकेको छ।
- रास्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको जम्मा घरधुरी संख्या ६,६२,४८० र जनसंख्या २४,६६,४२७ रहेको छ ।

- NWASH-MIS मा सूचीकृत आ.व. २०८२/८३ को अन्त्यसम्मको गण्डकी प्रदेशको WASH DATA STATUS :

## Tap Flow Condition




| | Water Flow Condition | Population | Percentage |
|---|---|---|---|
| ● | Sufficient for all daily needs | 627589 | 40.1% |
| ● | Sufficient for drinking,cooking,washing | 606992 | 38.8% |
| ● | Sufficient for drinking | 223052 | 14.3% |
| ● | Water but not sufficient for drinking | 68291 | 4.4% |
| ● | No water at all | 35914 | 2.3% |
| ● | No Data | 2485 | 0.2% |
| | Total | 1564323 | 100% |

### Water Supply Project

| Water Supply System | Population Coverage | Household Coverage | Municipality Coverage | Taps |
|---|---|---|---|---|
| 4,643 | 1,564,328 | 314,178 | 81 | 261,043 |

### WASH Data

| Household Sanitation | Health Care | Community Sanitation | Unserved Community | Public Toilet | School |
|---|---|---|---|---|---|
| 58,382 | 943 | 187 | Proposed: 638<br>Ongoing: 558 | Proposed: 249<br>Existing: 432 | 3,138 |




## गण्डकी प्रदेश सरकारबाट आ.व. २०७५/७६ देखि आ.व. २०८१/८२ सम्ममा जडान भएका निजी धारा जडान सम्बन्धी विवरण

| क्र. सं. | जिल्ला/ आ.व. | २०७५/ ०७६ | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | २०८१/ ८२ | २०८२/ ८३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गोरखा | २८७९ | ९१२१ | १००१५ | ३७०३ | ४७३६ | २७६१ | १६५८ | ३१९१ | ३८०६४ |
| २ | लमजुङ | २०२ | १४३९ | २९४५ | १२७८५ | १२०२ | ५४७ | ६७८ | १३७ | १९९३५ |
| ३ | मनाङ | ० | २६० | २४२ | ३८९ | ९६ | १५४ | ६० | ६३ | १२६४ |
| ४ | बाग्लुङ | ८३२ | १९०९ | ४७१७ | ४२०१ | १२९४ | १६८८ | २१८६ | १६२५ | १८४५२ |
| ५ | पर्वत | ४६५१ | १७३९ | ४५६८ | ३२९९ | ५५८ | १४८९ | १८९२ | ८८६ | १९०८२ |
| ६ | म्याग्दी | ८७६ | ४३० | २४८४ | १८४० | १३६ | ७२७ | १२८३ | ५२८ | ८३०४ |
| ७ | मुस्ताङ | २३२ | १०८ | ३८२ | १०७३ |  | १२५ | ३८ | ८७ | २०४५ |
| ८ | स्याङ्गजा | ३०७० | २४६० | २२३० | २७० | ४६०७ | २३१७ | १५८६ | २२२८ | १८७६८ |
| ९ | कास्की | १३५६ | १७९२ | २१६५ | ४१२९ | २०९७ | २००४ | १६७५ | १२११ | १६४२९ |
| १० | तनहुँ | १९०४ | २३५४ | ४३१७ | २२९७ | २१२८ | २००० | २५५७ | २७२८ | २०२८५ |
| ११ | नवलपुर | १०७५ | १०६२ | ३७१३ | २८८५ | २०१७ | ९४२ | १६३२ | १३७३ | १४६९९ |
|  | **जम्मा** | **१७०७७** | **२२६७४** | **३७७७८** | **३६८७१** | **१८८७१** | **१४७५४** | **१५२४५** | **१४०५७** | **१७७३२७** |

# ३. बजेट विनियोजन र खर्चको विवरण

## ३.१ आर्थिक वर्ष २०८२।८३ मा मन्त्रालयको स्रोतगत बजेट विनियोजन र खर्चको विवरण

यस मन्त्रालयलाई आ.व. २०८२/८३ मा कुल रू. ४ अरब ३२ करोड ५५ लाख १९ हजार (संशोधन सहित) को बजेट विनियोजन भएको थियो। चालु तर्फ रू. ३३ करोड ३५ लाख ७१ हजार प्राप्त भएकोमा त्यसको ७६% हुन आउने रू. २५ करोड ५० लाख ३१ हजार खर्च भएको छ। त्यसैगरी, पुँजीगत तर्फ रू. ३ अरब ९८ करोड ९९ लाख ४८ हजार प्राप्त भएकोमा त्यसको ८६.४५ % हुन आउने रू. ३ अर्ब ४४ करोड ९१ लाख १३.५८ हजार खर्च भएको छ। जसमध्ये प्रदेश सरकारको ३ अरब ९१ करोड ५९ लाख अ९ हजार, संघ सशर्त अनुदान ११ करोड ९० लाख र संघ विशेष अनुदान तर्फ २९ करोड ६ लाख बजेट प्राप्त भएको थियो। चालु र पुँजीगत गरि कूल विनियोजनको ८५.६३% वित्तीय प्रगति हासिल भई रू. ३ अरब ७० करोड ४१ लाख ४५ हजार खर्च भएको छ, जुन प्रदेश मन्त्रालयगत खर्च प्रतिशतमा सबैभन्दा बढी रहेको छ। आ.व. २०८२/८३ मा यस मन्त्रालयलाइ प्राप्त बजेट र खर्चको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

(रू.हजारमा)

| विवरण | चालु तर्फ | | | | पुँजीगत तर्फ | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश सरकार | विशेष अनुदान | संघ सर्सत अनुदान | जम्मा | प्रदेश सरकार | संघ ससर्त अनुदान | संघ विशेष अनुदान | संघ समपूरक अनुदान | जम्मा | |
| सुरु विनियोजन | ३३३५०० | | | ३३३५०० | ३१४४५०० | ११९००० | २९०६०० | | ३५५४१०० | ३८८७६०० |
| थप(+) घट(-) | २०७१ | | | २०७१ | ४३५८४८ | | | | ४३५८४८ | ४३७९१९ |
| खुद बजेट | ३३५५७१ | | | ३३५५७१ | ३५८०३४८ | ११९००० | २९०६०० | | ३९८९९४८ | ४३२५५१९ |
| खर्च | २५५०३१ | | | २५५०३१ | ३२४१६२२.४८ | ७४८०३.४४ | १३२६८७.६६ | | ३४४९११३.५८ | ३७०४१४५ |
| **खुद बजेटका आधारमा खर्च (%)** | **७६.००%** | | | **७६.००%** | **९०.५४%** | **६२.८६%** | **४५.६६%** | | **८६.४५%** | **८५.६३%** |

## ३.२ बजेटको लक्ष्य र खर्चको वार्षिक प्रवृत्ति तुलनात्मक विवरणः

यस मन्त्रालयलाइ आ.व. २०७५/७६ देखि आ.व. २०८२/८३ सम्ममा प्राप्त विनियोजित बजेट र खर्चको वार्षिक प्रवृत्ति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ (रू.हजारमा)

| आर्थिक वर्ष | आर्थिक वर्ष २०७५/७६ | | | आर्थिक वर्ष २०७६/७७ | | | आर्थिक वर्ष २०७७/७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खर्चको प्रकार | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | | | | १४५०३४ | १२१४९१ | ८३.७६ | २६५२१५ | १८४६९३ | ६९.६४ |
| पुँजीगत | ४८९१९३१ | ३९५४१४६ | ८०.८३ | ६३८४३६७ | ५२१८४५४ | ८१.७३ | ७७५३९१४ | ६००४२९६ | ७७.४४ |
| **जम्मा** | **४८९१९३१** | **३९५४१४६** | **८०.८३** | **६५२९४०१** | **५३३९९४५** | **८१.७८** | **८०१९१२९** | **६१८८९८९** | **७७.१८** |

| आर्थिक वर्ष | आर्थिक वर्ष २०७८/७९ | | | आर्थिक वर्ष २०७९/८० | | | आर्थिक वर्ष २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खर्चको प्रकार | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | २६९०२२ | २०१८८६ | ७५.०४ | ३०४५०३ | २३४३२९ | ७६.९५ | ३५१८५५ | २४५६३४ | ६९.८१ |
| पुँजीगत | ५३८८९०९ | ४८७०४९६ | ९०.३८ | ५६५२६५५ | ४८२७००५ | ८५.३९ | ४६६५२०० | ४२१७५८३ | ९०.४१ |
| **जम्मा** | **५६५७९३१** | **५०७२३८२** | **८९.६५** | **५९५७१५८** | **५०६१३३४** | **८४.९६** | **५०१७०५५** | **४४६३२१७** | **८८.९६** |

| आर्थिक वर्ष | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| खर्चको प्रकार | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | ३४७६८९.०० | २६३२७१.०० | ७५.७२ | ३३५५७१ | २५५०३१ | ७६.०० |
| पुँजीगत | ३९५३८००.०० | ३६०४८४१.०० | ९१.१७ | ३९८९९४८ | ३४४९११४ | ८६.४५ |
| **जम्मा** | **४३०१४८९.००** | **३८६८११२.००** | **८९.९२** | **४३२५५१९** | **३७०४१४५** | **८५.६३** |




## ३.३ आर्थिक वर्ष २०८२।८३ को त्रैमासिक रूपमा कुल खर्चको प्रवृत्ती:

यस मन्त्रालयको आ.व. २०८२/८३ मा प्राप्त विनियोजित बजेट र खर्चको त्रैमासिक रूपमा कुल खर्चको प्रवृत्ति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। (रू. हजारमा)

| खर्चको प्रकार | वार्षिक विनियोजन | वार्षिक खर्च | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक विनियोजन | त्रैमासिक खर्च | त्रै. खर्च प्रतिशत | वार्षिकको तुलनामा खर्च प्रतिशत | त्रैमासिक विनियोजन | त्रैमासिक खर्च | त्रै. खर्च प्रतिशत | वार्षिकको तुलनामा खर्च प्रतिशत |
| चालु | ३३५५७१ | २५५०३१ | ७९३५५. | ५६७१३.८४ | ७१.४७% | १६.९०% | ८४०४३. | ४५०६४.०८ | ५३.६२% | १३.४३% |
| पुँजीगत | ३९८९९४८ | ३४४९११४ | ७७७४२५ | ४७०२४६.७५ | ६०.४९% | ११.७९% | ७५३००२.५ | २९७०७९.४४ | ३९.४५% | ७.४५% |
| जम्मा | ४३२५५१९ | ३७०४१४५ | ८५६७८० | ५२६९६१ | ६१.५०% | १२.१८% | ८३७०४५.५ | ३४२१४३.५२ | ४०.८८% | ७.९१% |

| खर्चको प्रकार | वार्षिक विनियोजन | वार्षिक खर्च | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक विनियोजन | त्रैमासिक खर्च | त्रै. खर्च प्रतिशत | वार्षिकको तुलनामा खर्च प्रतिशत | त्रैमासिक विनियोजन | त्रैमासिक खर्च | त्रै. खर्च प्रतिशत | वार्षिकको तुलनामा खर्च प्रतिशत |
| चालु | ३३५५७१ | २५५०३१ | ६७००३. | ५८६३२.०५ | ८७.५१% | १७.४७% | १०५१७०. | ९४६२१.०३ | ८९.९७% | २८.२०% |
| पुँजीगत | ३९८९९४८ | ३४४९११४ | ८९८९८७. | ४७१९४६.५४ | ५२.५०% | ११.८३% | १५६०५३४. | २२०९८४०.८५ | १४१.६१% | ५५.३९% |
| जम्मा | ४३२५५१९ | ३७०४१४५ | ९६५९९०. | ५३०५७८.५९ | ५४.९३% | १२.२७% | १६६५७०४. | २३०४४६१.८८ | १३८.३५% | ५३.२८% |



## ३.४ आर्थिक वर्ष २०८२।८३ को बजेट उपशीर्षकगत वित्तीय प्रगति:

यस मन्त्रालयको आ.व. २०८२/८३ मा प्राप्त विनियोजित बजेट र खर्चको बजेट उपशीर्षकगत रूपमा कुल खर्चको प्रगति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। (रू. हजारमा)

| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३४००१००१ | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ५५६०० | १५६२३९.१४ | २११८३९.१४ | ३१००३ | १५१०५३ | १८२०५६ | ५५.७६ | ९६.६८ | ८५.९४ |
| २ | ३४००१००२ | संघ विशेष अनुदानका आयोजनाहरु | ० | २९०६०० | २९०६०० | ० | १३२६८८ | १३२६८८ | | ४५.६६ | ४५.६६ |
| ३ | ३४००३००१ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरु | १०७७२१ | ३३५४१९.६ | ४४३१४०.६ | ९२३५८ | २९७७९३ | ३९०१५१ | ८५.७४ | ८८.७८ | ८८.०४ |
| ४ | ३४००३००२ | जलस्रोत, सिंचाई तथा खानेपानी कार्यालयहरू | ३८३०० | १३५३३० | १७३६३० | ३१३२५ | ११७०६२ | १४८३८७ | ८१.७९ | ८६.५ | ८५.४६ |
| ५ | ३४००३००३ | भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालयहरु | १४८०० | ९२६३१.२६ | १०७४३१.२६ | २४१९ | ७७८७० | ८०२८९ | १६.३४ | ८४.०६ | ७४.७४ |
| ६ | ३४००३००४ | बहुवर्षीय/स्रोत सुनिश्चित आयोजना-सिंचाई/तटबन्ध क्षेत्र | ० | ३६९१५८ | ३६९१५८ | ० | ३०९११८ | ३०९११८ | | ८३.७४ | ८३.७४ |
| ७ | ३४००३००६ | मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजना | ० | ६४३१५० | ६४३१५० | ० | ५०७७४१ | ५०७७४१ | | ७८.९५ | ७८.९५ |
| ८ | ३४००४००१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु | ११९१५० | १२५३७७० | १३७२९२० | ९७९२६ | १२१४८७७ | १३१२८०३ | ८२.१९ | ९६.९ | ९५.६२ |
| ९ | ३४००४०११ | बहुवर्षीय/स्रोत सुनिश्चित आयोजना-खानेपानी क्षेत्र | ० | ५९४६५० | ५९४६५० | ० | ५६६१०९ | ५६६१०९ | | ९५.२ | ९५.२ |
| १० | ३४०९१०११ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना (संघ सशर्त) | ० | १००० | १००० | ० | २४१ | २४१ | | २४.११ | २४.११ |

| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| ११ | ३४०९१०१२ | केन्द्रिय खानेपानी आयोजना (संघ सशर्त) | ० | १०००० | १०००० | ० | ८२२७ | ८२२७ | | ८२.२७ | ८२.२७ |
| १२ | ३४०९११२२ | नदी नियन्त्रण(संघ शसर्त अनुदान) | ० | १०००० | १०००० | ० | ५९३७ | ५९३७ | | ५९.३७ | ५९.३७ |
| १३ | ३४०९११२३ | मर्मत संभार आयोजनाहरु(संघ शसर्त अनुदान) | ० | ६५५०० | ६५५०० | ० | ३१६३९ | ३१६३९ | | ४८.३ | ४८.३ |
| १४ | ३४०९११२८ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना(संघ शसर्त अनुदान) | ० | २५००० | २५००० | ० | २२९७२ | २२९७२ | | ९१.८९ | ९१.८९ |
| १५ | ३४०९११३२ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ७५०० | ७५०० | ० | ५७८७ | ५७८७ | | ७७.१६ | ७७.१६ |
| **कुल जम्मा** | | | **३३५५७१** | **३९८९९४८** | **४३२५५१९** | **२५५०३१** | **३४४९११४** | **३७०४१४५** | **७६** | **८६.४५** | **८५.६३** |

## ३.५ आर्थिक वर्ष २०८२।८३ को क्षेत्रगत वित्तीय प्रगति:

यस मन्त्रालयको आ.व. २०८२/८३ मा प्राप्त विनियोजित बजेट र खर्चको क्षेत्रगत रूपमा कुल खर्चको प्रगति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। (रू. हजारमा)

| क.स. | क्षेत्र | खर्च शीर्षक | संसोधित बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| १ | विद्युत संरचना निर्माण | ३११५३ | १५०६७७.०० | १३९७६२.२५ | ९२.७६ |
| २ | तटबन्ध तथा बाँध निर्माण | ३११५४ | ४१७३००.०० | २८७५४९.९९ | ६८.९१ |
| ३ | सिंचाइ संरचना निर्माण | ३११५५ | १०७६०९३.८६ | ८१२९५४.५६ | ७५.५५ |
| ४ | खानेपानी संरचना निर्माण | ३११५६ | २२५६२२०.०० | २१३३५५५.२० | ९४.५६ |
| ५ | अन्य पुँजीगत | | ८९६५७.५४ | ७५२९१.५८ | ८३.९८ |
| | **जम्मा** | | **३९८९९४८.४०** | **३४४९११३.५८** | **८६.४५** |

**३.६ यस मन्त्रालयको आ.व. २०८२/८३ मा प्राप्त विनियोजित बजेट र खर्चको स्रोतगत रूपमा कुल खर्चको प्रगति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।**

(रू. हजारमा)

| क.स. | कार्यालय | विनियोजित बजेट र खर्चको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु तर्फ | | प्रदेश पुँजीगत | | संघ सशर्त अनुदान | | संघ विशेष अनुदान | | जम्मा | | |
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | जम्मा विनियोजन | जम्मा खर्च | % खर्च |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | 11= ३+५+७+९ | 12=४+६+८+१० | 13=१२/११ % |
| १ | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ५५६००.०० | ३१००३.१६ | १५६२३९.१४ | १५१०५२.५७ | १००० | २४१.१० | ० | ०.०० | २१२८३९ | १८२२९६.८३ | ८५.६५% |
| २ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, गोरखा | १२९५०.०० | ११०००.०६ | १२४२५८ | ८०१५४.०३ | ० | ०.०० | ७०००० | ९७९७.९९ | २०७२०८ | १००९५२.०८ | ४८.७२% |
| ३ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, लमजुङ | १२२००.०० | ८८६१.०९ | ८४०५० | ६९२५१.०० | २०००० | १०२२५.०४ | ३५००० | ९५४३.३६ | १५१२५० | ९७८८०.४९ | ६४.७१% |
| ४ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, तनहुँ | १३२००.०० | १०९३५.८२ | १६०९५० | १४७०२३.६४ | ० | ०.०० | ० | ०.०० | १७४१५० | १५७९५९.४६ | ९०.७०% |
| ५ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कास्की | १७६००.०० | १६०७८.४३ | १६५८०० | १२२७७५.०५ | ४५५०० | २०२९२.१४ | ० | ०.०० | २२८९०० | १५९१४५.६२ | ६९.५३% |
| ६ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, पर्वत | ११६५० | १०५१२.१५ | ९३२०० | ८००९२.५६ | ० | ०.०० | ० | ०.०० | १०४८५० | ९०६०४.७१ | ८६.४१% |

| क.स. | कार्यालय | विनियोजित बजेट र खर्चको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु तर्फ | | प्रदेश पुंजीगत | | संघ सशर्त अनुदान | | संघ विशेष अनुदान | | जम्मा | | |
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | जम्मा विनियोजन | जम्मा खर्च | खर्च % |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | 11= ३+५+७+९ | 12=४+६+८+१० | 13=१२/११ % |
| ७ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, स्याङ्गजा | १२७५० | १०५९७.६० | १६१८५० | १३९७८७.८९ | १०००० | ७०५८.६० | २०६०० | १०२७४.०६ | २०५२०० | १६७७१८.१५ | ८१.७३% |
| ८ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बागलुङ | १२३०० | १०१२७.९२ | १०३८८८ | ८९५८७.४१ | ० | ०.०० | ३५००० | ९१९०.८७ | १५११८८ | १०८९०६.२० | ७२.०३% |
| ९ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, नवलपुर | २९८७१ | १६६६३.४६ | २६१२३८ | २१७९७५.३७ | ० | ०.०० | ३०००० | ११४७९.४७ | ३२११०९ | २४६११८.३० | ७६.६५% |
| १० | खानेपानी, जलस्रोत तथा सिंचाइ विकास सव-डिभिजन कार्यालय, मनाङ | ११४०० | ८७६४.५४ | ५४०२० | ४२९३५.३७ | ० | ०.०० | ० | ०.०० | ६५४२० | ५१६९९.९१ | ७९.०३% |
| ११ | खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, मुस्ताङ | १२८०० | ९९३०.२० | ५७८०० | ५०६१५.०० | ५००० | ४७५२.२३ | ० | ०.०० | ७५६०० | ६५२९७.४३ | ८६.३७% |
| १२ | खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, म्याग्दी | १४१०० | १२६३०.३० | ९२९८५ | ७७४६७.१० | ० | ०.०० | ३५०० | २६१८.२४ | ११०५८५ | ९२७१५.६४ | ८३.८४% |

| क.स. | कार्यालय | विनियोजित बजेट र खर्चको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु तर्फ | | प्रदेश पुँजीगत | | संघ सशर्त अनुदान | | संघ विशेष अनुदान | | जम्मा | | |
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | जम्मा विनियोजन | जम्मा खर्च | % खर्च |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | 11= ३+५+७+९ | 12=४+६+८+१० | 13=१२/११ % |
| १३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा | ३३६०० | २७७००.८५ | ९२०१०० | ९१५४७२.३६ | ० | ०.०० | ४०८०० | ४०७००.४९ | ९९४५०० | ९८३८७३.७० | ९८.९३% |
| १४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ | ३४२०० | २८३८०.६९ | ३५७७०० | ३१७७००.८० | ४९०० | ४९००.०० | ३०१०० | २१२७२.९३ | ४२६९०० | ३७२२५४.४२ | ८७.२०% |
| १५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्गजा | २९३५० | २५६३२.४१ | ३८२४७० | ३५४७०६.६३ | १७५०० | १२६१६.१२ | १५५०० | ८७६१.२३ | ४४४८२० | ४०१७१६.३९ | ९०.३१% |
| १६ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ | २२००० | १६२१२.३३ | ४०३८०० | ३८५०२५.७० | १५१०० | १४७१८.२१ | १०१०० | ९०४९.०२ | ४५१००० | ४२५००५.२६ | ९४.२४% |
| **जम्मा** | | **३३५५७१** | **२५५०३१.०२** | **३५८०३४८** | **३२४१६२२.४८** | **११९०००** | **७४८०३.४४** | **२९०६००** | **१३२६८७.६६** | **४३२५५१९** | **३७०४१४४.६०** | **८५.६३%** |

# ४. आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमको प्रगति/उपलब्धी विवरण

## ४.१ आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य मुख्य उपलब्धिहरू:

यस मन्त्रालयको आ.व. २०८२/८३ मा प्राप्त विनियोजित बजेट र खर्चबाट तथा प्रदेश सरकारबाट सञ्चालित कार्यक्रमबाट हासिल भएका विषय क्षेत्रगत उपलब्धि सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र. सं. | मुख्य विषय क्षेत्र | सहायक विषय क्षेत्र | एकाई | परिमाणात्मक लक्ष्य | प्रगति | विषय क्षेत्रगत उपलब्धि (वार्षिक र प्रदेश सरकारको स्थापना भएपछिको जम्मा) |
|---|---|---|---|---|---|---|
| *४.१.१* | *ऊर्जा विकास* | *विद्युतमा पहुँच घरधुरी* | *प्रतिशत* | *१००* | *९९.८०* | • आ.व. २०८२/८३ सम्म विद्युत विस्तार, लघु जलविद्युत मर्मत तथा घरेलु सोलार मार्फत विद्युतमा पहुँच घरधुरी ९९.८० प्रतिशत पुगेको।<br>• आ.व. २०८२/८३ मा थप ३ वटा लघु जलविद्युत् आयोजना (सिम बराह ग्रामिण विद्युतीकरण परियोजना, अन्नपूर्ण गा.पा.-११, कास्की, गौडाखोला लघु जलविद्युत आयोजना, मालिका गा.पा.-५, म्याग्दी र भुसुने खोला लघु जलविद्युत आयोजना, बडिगाड गा.पा.-४, बागलुङ गरि ३९ किलोवाट) मर्मत गरि हालसम्म ९७ वटा लघु जलविद्युत् आयोजना मर्मत मार्फत ३,५४५ किलोवाट विद्युत् नियमित भएको छ।<br>• आ.व. २०८२/८३ मा थप ५ वटा ६/६ किलोवाट पिक क्षमताको संस्थागत सोलार (मुना स्वास्थ्य चौकी, धौलागिरी गा. पा.-३, मुना, म्याग्दी, रूम स्वास्थ्य चौकी, मालिका गा. पा.-२, रूम, म्याग्दी, कागबेनी स्वास्थ्य चौकी, बारागुङ मुक्तिक्षेत्र गा. पा.-४, मुस्ताङ, पिसाङ स्वास्थ्य चौकी, मनाङ डिस्याङ गा. पा.-१, मनाङ, विही स्वास्थ्य चौकी, चमनुब्री गा.पा.-५, गोरखा) जडान गरि हालसम्म २६७ किलोवाट पिक क्षमताको संस्थागत सोलार जडान सम्पन्न गरिएको छ।<br>• ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको ५ किलोवाट पोक क्षमताको सोलार प्रणाली मर्मत गरि संचालन गरिएको छ।<br>• गण्डकी प्रदेश भित्रका सम्पूर्ण घरहरुमा विद्युत सुविधा पुर्याउन गण्डकी प्रदेशको थप लगानीमा नेपाल विद्युत प्राधिकरण, गण्डकी प्रादेशिक कार्यालय, पोखरासँग सम्झौता गरि सञ्चालनमा रहेको विद्युत विस्तार कार्यको यस मन्त्रालयबाट भुक्तानी फरफारक गरि सकिएको। |
| *४.१.२* | *सिंचाइ संरचना* | *सिंचित क्षेत्र* | *हेक्टर* | *२५००* | *२३०६* | • आ.व. २०८२/८३ मा सतह, लिफ्ट र नयाँ प्रविधि, भूमिगत सिंचाइ गरी १९६ हेक्टर नयाँ |

| क्र. सं. | मुख्य विषय क्षेत्र | सहायक विषय क्षेत्र | एकाई | परिमाणात्मक लक्ष्य | प्रगति | विषय क्षेत्रगत उपलब्धि (वार्षिक र प्रदेश सरकारको स्थापना भएपछिको जम्मा) |
|---|---|---|---|---|---|---|
| | निर्माण | विस्तार, कृषक कुलो सुधार, पुनर्स्थापना, मर्मत | | | | सिंचाइ सुविधा थप भइ प्रदेश सरकारबाट जम्मा ७,८४८ हेक्टर कमाण्ड क्षेत्रमा सिंचित क्षेत्रफल विस्तार भएको छ। कृषक कुलो सुधारबाट थप १७५९ हे. गरि जम्मा १३,२५६ हेक्टर तथा पुनर्स्थापना र सुधारबाट थप ३५१ हेक्टर गरी जम्मा १८,७११ हेक्टर जमिनमा भरपर्दो सिंचाइ सुविधा पुगेको छ। |
